नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्या:५, असार २६ गते, २०८० साल

सिद्धलेक गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

सिद्धलेक गाउँपालिका निजी जग्गा व्यवस्थापन (ढुङ्गा, गिट्टी, वालुवा, माटो अदि उत्खनन् सङ्कलन र ढुवानी व्यवस्थित गर्ने) ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मितिः २०८०।०३।२५

**प्रस्तावनाः-** नेपालको संविधानको अनुसूची ८ सि.नं. २१ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा (२) को (प) को ७ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई सिद्धलेक गाउँपालिकाको क्षेत्र भित्रको निजी जग्गाहरुलाई अवास, कृषि वा गैरकृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन्  हुने ढुङ्गा,गिट्टी,बालुवा,माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमन एवं व्यवस्थित गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सिद्धलेक गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम  विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "सिद्धलेक गाउँपालिकाका निजी जग्गा व्यवस्थापन (ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन र ढुवानी व्यवस्थित गर्ने) ऐन,२०८०" रहेको छ ।

(२) यो ऐन सिद्धलेक गाउँसभाले स्वीकृत गरी प्रमाणीकरण भए पश्चात सिद्धलेक गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२.परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४,अन्य सरोकार संघीय र प्रादेशिक ऐन समेतलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सिद्धलेक गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सिद्धलेक गाउँपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "सभा" भन्नाले सिद्धलेक गाउँसभा सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(झ) “ईजाजत” भन्नाले गाउँपालिकाबाट कार्यपालिकाको निर्णय अनुसार दिईने अनुमती सम्झनु पर्छ।
(ञ) “प्रारम्भिक बातावरणीय परीक्षण” भन्नाले तीन रोपनी भन्दा बढी क्षेत्रफल भएको जग्गाको तोकिए बमोजिमको बातावरणीय परीक्षण प्रतिवेदनलाई जनाउंछ ।
(ट) “निजी जग्गा व्यवस्थापन” भन्नाले सिद्धलेक गाउँपालिका क्षेत्र भित्र रहेका निजी जग्गाहरु (खानी बाहेक) आवास, कृषि वा गैर कृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनको लागि निजी हकभोग लालपुर्जा भित्रको जग्गा मात्र खन्ने, सम्याउने, पुर्ने कार्यलाई जनाउँछ ।
(ठ) “मापदण्ड” भन्नाले तोकिएको मापदण्ड लाई जनाउँछ ।
(ड) “अन्तिम अधिकार प्राप्त निकाय” भन्नाले गाउँ कार्यपालिकलाई जनाउँछ ।

## परिच्छेद-२

**३. नीजी जग्गा व्यवस्थापन सम्बन्धमाः** यस ऐन अनुसार गाउँपालिका क्षेत्रभित्र रहेका निजी लालपुर्जा भित्रको जग्गाहरु आवास, कृषि वा गैर कृषि, व्यवसायिक, गैर व्यवसायिक प्रयोजनमा यसै ऐन र तोकिएको कार्यविधि अनुसारको मामदण्ड अनुसार उपयोग र व्यवस्थापन कार्यलाई जनाउँछ ।

## परिच्छेद-३

**४. अनुमती पत्र सम्बन्धमाः** (१) ऐन तथा कार्यविधिको परिधि भित्रको कार्य अनुमति तथा इजाजतलाई जनाउँछ । जस अनुसार अनुमति माग्ने निकायले पुरा गरेको मापदण्ड, प्रकृया, प्राविधिक विवरण, वातावरणीय प्रतिवेदन समेतका आधारमा कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधकृतले दिने अनुमति भन्ने बुझिन्छ ।

(२) १५ रोपनी भन्दा कम जग्गामा ढुङ्गा, गिट्टी, बालुवा आदी उत्खनन, संकलन ओसार पसार तथा विक्रि वितरण गर्ने प्रयोजनका लागी अनुमति पत्र प्रदान गरिने छैन ।तर जग्गा सम्याउने मात्र प्रयोजनका लागी १५ रोपनी भन्दा कम जग्गा भएता पनि यस ऐन बमोजिम निजी जग्गा व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद-४

**५. उत्खनन् सम्बन्धमाः** निजी जग्गा धनीले प्रचलित कानून अनुसारको अनुमति प्रप्त गरे पश्चातको प्रचलित मापदण्ड भित्र रही गरिने आवास, कृषि, गैर कृषि, व्यवसायिक, गैर व्यवसायिक प्रयोजनको लागि खानी बाहेक ढुङ्गा गिट्टी बालुवा माटो आदि उत्खनन् गर्ने सम्याउने, पुर्ने, अन्यत्र लैजाने, ढुवानी गर्ने आदि कार्यलाई जनउँछ ।

## परिच्छेद-५

**६. सजाय तथा दण्ड जरिवाना सम्बन्धमाः** यस ऐनको व्यवस्था विपरित निजी जग्गाको अनुमति दिने निर्णय गर्ने तथा सो कार्यमा संलग्न पदाधिकारी कर्मचारीलाई प्रचलित कानून अनुसारको कारवाही हुनेछ । साथै यो ऐन अनुसारको अनुमति लिने गरी झुठ्ठा विवरण पेश गर्ने, तोकिएको मापदण्ड तथा अनुमति विपरित कार्य गर्ने निजी जग्गा धनी वातावरणीय मुल्याङ्कन प्रतिवेदन दिने परामर्शदाता तथा संलग्न सवैलाई आर्थिक ऐन अनुसारको दण्ड जरिवाना सहित प्रचलित कानूनले तोकेको सजाय हुने गरी गाउँपालिकाले सिफारिस गर्ने तथा सम्बन्धित निकायबाट कारवाही हुने समेतलाइ जनाउँछ ।

## परिच्छेद-६
## विविध

**७. नियम तथा कार्यविधि बनाउने अधिकारः** यसै ऐनको अधिनमा रही गाउँ कार्यपालिकाले निजी जग्गा व्यवस्थापनमा उत्पादित ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन र ढुवानी व्यवस्थित गर्नका लागि तथा कार्यान्वयनका लागि विषयगत थप स्पषटता पार्न, व्याख्या विष्लेषण गर्न उपयुक्त व्यवस्था तथा प्रावधान सहित आवश्यक कार्यविधि, मापदण्ड तथा नियम बनाउन सक्नेछ ।

**८. खारेजी तथा बचाउः** संघीय र प्रदेश कानूनसँग बाझिएमा वा यो ऐनको सान्दर्भिकता नभएमा वा प्रचलित कानून अनुसार अमान्य भएमा गाउँसभाले यो ऐनको खारेजी, संसोधन गर्न सक्नेछ ।